# सहकारी संघ संस्थाहरुका लागि कर्जा साख सूचना व्यवस्थापन प्रणाली
# संचालन गर्ने बारे
# जिल्ला सहकारी संघ लि. बाँके र ..............................................
# बिच
# सम्झौता-पत्र

नेपाल सरकारको प्रचलित करार ऐन अनुसार सेवाको उपलब्धता र सेवाको वितरण गर्न हामी दुवै पक्ष लिखितम नेपालगन्ज उपमहानगरपालिका वडा नं. १३ मा कार्यालय रहेको प्रचलित सहकारी ऐन बमोजिम दर्ता न. १६/ख/६/८/०१८/२/८/०३४/०३५ तथा स्थायी लेखा न.३०५६५२६६९ जिल्ला सहकारी संघ लि. बाँके (जसलाई यसपछि प्रथम पक्ष भनिने) आगे ................ जिल्ला............... अवस्थित ................................पालिका/नगरपालिका....... वडा नं. ...... मा कार्यालय रहेको सहकारी ऐन २०७४ बमोजिम दर्ता.......................... (जसलाई यसपछि दोश्रो पक्ष भनिने) प्रयाप्त छलफल गरी पूर्ण सहमतिका साथ यो सम्झौता पत्रमा आज मिति .............. का दिन राजिखुसीका साथ बुझिलियौ ।

## सम्झौता लागू हुने मिति तथा कर्जा सुचना प्रणालीका विशेष शर्तहरु :

१. मिति....................... देखी.................... लागु गर्ने कर्जा साख सुचना व्यबस्थापन प्रणालीको संचालन तथा उक्त सुचना प्रणाली सम्बन्धी सामान्य कार्यविधिका लागि यस सम्झौताका दुवै पक्षहरु निम्न लिखित शर्तहरुको अधिनमा रही दोस्रो पक्षको अनुरोधमा प्रथम पक्षले तयार पारेको कर्जा सुचना प्रणालीलाई संचालन गर्न मन्जुर गरिएको छ ।

२. यस सुचना प्रणालीबाट उपलब्ध गराइएका सम्पुर्ण विवरणहरु सम्बन्धीत सहकारी संस्था द्धारा प्रथम पक्षलाई उपलब्ध गराए बमोजिम सुचना प्रणालीमा राखीएको विवरणहरुलाई मात्र आधिकारिकता प्रदान गरिनेछ ।

३. प्रथम पक्षको भुमिका सम्बन्धीत सहकारीद्धारा उपलब्ध गराईएका विवरणको अभिलेख राख्ने र दोश्रो पक्षले उक्त विवरण माग गरेको अवस्थामा उल्लेखित विवरण उपलब्ध गराउने सम्मका लागी सिमित रहने कुरामा समेत दोश्रो पक्ष मन्जुर गर्दछ । विवरणको आधिकारीक्ताको सम्बन्धमा प्रथम पक्षको कुनै जिम्मेवारी हुने छैन ।

**सम्झौताका अन्य शर्तहरु :**

१. यो सम्झौता प्रथम पक्ष र दोश्रो पक्ष बीच सम्झौता गरेको मिति देखि कुनै पक्षले भंग नगरे सम्मका लागि निरन्तर रुपमा लागु रहनेछ । सम्झौता भंग गर्दा दुवै पक्षले कम्तिमा ९० दिनको सुचना दिनु पर्नेछ र सम्झौता भंग पश्चात मात्र धरौटी रकम साख सुचनाको जानकारी प्रेषित भएको हिसाब मिलान पश्चात मात्र फिर्ता गरिनेछ ।

२. सम्झौता गर्दा प्रथम पक्ष र दोश्रो पक्ष दुवै संस्था को छाप र हस्ताक्षर अनिवार्य भएको हुनुपर्नेछ, जसको एक प्रति प्रथम पक्ष र अर्को प्रति दोश्रो पक्ष सँग रहनेछ ।

३. दोश्रो पक्षले यो सम्झौतामा हस्ताक्षर गरेको मिति देखी १५ दिन भित्रमा दोश्रो पक्षका सम्पुर्ण कर्जा सुबिधा उपभोग गरिरहेका ऋणीको तिन पुस्ते विवरण सहितको कर्जा सम्बन्धी विवरण प्रथम पक्षलाई उपलब्ध गराउनु पर्ने छ । यसरी उपलब्ध गराईको विवरणहरु सत्य र ठिक हुनु पर्ने छ । विवरण झुट्टा ठहरेमा प्रचलित कानुन बमोजिम कारबाहि हुनेछ र झुट्टा विवरणबाट यदी कसैलाई हानी नोक्सानी हुन गएमा हानी नोक्सानी भए बरावरको क्षतिपुर्ती तिर्न समेत दोश्रो पक्ष मन्जुर गर्दछ ।

४. शर्त नं. ३ बमोजिमको कर्जा सम्बन्धी विवरण उपलब्ध गराउँदा दोश्रो पक्षले आफ्ना ऋणीहरुले उपभोग गरिरहेको कर्जा असल कर्जा हो वा निष्कृय र/वा खराब कर्जा हो भन्ने विवरण उपलब्ध गराउनु पर्ने हुन्छ । यसरी उपलब्ध गराएको विवरणमा केही परीवर्तन आएमा सोको समेत जानकारी ५ दिन भित्रमा अद्यावधिक गराउनु पर्नेछ ।

५. दोश्रो पक्षले कुनै ऋणी सदस्यलाई कर्जा प्रदान गर्नु पुर्व कर्जा सुचना प्रणाली मार्फत उक्त सदस्यको वित्तीय विवरण बारे जानकारी लिन सक्ने छ । माग भए बमोजिमको जानकारी उपलब्ध गराउँदा प्रथम पक्षले यस सम्झौताको प्रस्तावनामा उल्लेख भए बमोजिमको कार्यविधिको अधिनमा रही गराउनेछ ।

६. सुचना प्रणालीमा राखिएका सुचना सम्बन्धी आधिकारीक्ताको सम्बन्धमा प्रथम पक्षको कुनै जिम्मेवारी हुनेछैन । यसमा उपलब्ध गराइएको सुचनाले गर्दा दोश्रो पक्षलाई कुनै हानी नोक्सानी हुन गएमा प्रथम पक्षको कुनै जिम्मेवारी हुने छैन ।

७. प्रथम पक्षले तयार पारेको सहकारी कर्जा सूचना प्रणाली ..........सहकारी संस्था लि. ले लागु गरी त्यसमा देखिएको सवल पक्ष, सुधारात्मक पक्ष आदिको निरन्तर लिखित संचार गर्नेछ र प्राप्त सबल पक्ष, सुधारात्मक पक्षको सूचना अभिलेखिकरण तथा तत्काल अध्यावधिक गरी सम्वन्धित संघमा पठाउनेछ ।

८. प्रथम पक्षले दोश्रो पक्षलाई दिने सुविधाहरु निम्नानुसार रहनेछ ।

क. टेलिफोन सपोर्ट सेवा (Telephone Support Service)

ख. अन्लाईन सपोर्ट र टिमभिवर सपोर्ट (support@cosys.com.np)

ग. संस्थाको कार्यालय स्थलमा पुगेर सेवा प्रदान गर्ने (Member Visit Support)

घ. सफ्टवेयर सम्बन्धि तालिम : दिनको १०:०० देखि अपराहन्न ०५:०० बजे सम्म, दुवै पक्षलाई समयानुकुल हुने गरी गरिनेछ ।

ङ. सुधार तथा अध्यावधिक भएको कोसिस प्रणाली उपलब्ध र त्यसमा आवश्यक पर्ने तालिम निरन्तर रुपमा उपलब्ध गराउने ।

च. यो करार सम्झौता अन्त्य भएमा दोश्रो पक्षले साख सुचनाको लागी प्रथम पक्ष समक्ष अग्रिम दाखिला गरेको रकम फिर्ता गर्ने ।

९. दोश्रो पक्षले गर्नुपर्ने कार्यहरु निम्नानुसार रहनेछ ।

क. उपलब्ध गराउने साख सूचना प्रणाली सफ्टवेयरको मूल्य निशुल्क रुपमा उपलब्ध गराउनेछ तर server को जिम्मा भने दोश्रो पक्षले लिनुपर्नेछ ।

ख. दोश्रो पक्षले सहकारी संस्थाका सदस्यहरुबाट प्रत्येक कर्जा सूचनाको (कर्जा रकम देखिएमा रु. १००/- र कर्जा नदेखियमा रु. ५०/-) लिने शुल्क रकम दोश्रो पक्षले प्रथम पक्षलाई साप्ताहिक रुपमा भूक्तानी गर्नुपर्नेछ सो प्रयोजनको लागी दोश्रो पक्षले प्रथम पक्षको जिम्मा रहने गरी जम्मा रु. १०,०००/- राख्नु पर्नेछ । प्रथम पक्षले सुचना उपलब्ध गराउने रकम सोही धरौटी रकमबाट कट्टा गरिनेछ र सो रकम सकिए पश्चा दोश्रो पक्षले प्रथम पक्षलाई पुनः रु. १०,०००/- धरौटी स्वरुप जम्मा गर्नुपर्नेछ ।

ग. न्यूनतम कर्मचारीको व्यबस्था गर्ने र पहिलो पक्षको तालिम पश्चात त्यसै कार्यमा निरन्तर लगाउनु पर्ने छ । आवश्यकता अनुसार आवश्यक प्रविधि तथा जनशक्ति व्यवस्थापन गर्दै जानुपर्नेछ र साथै साख सुचना दैनिक रुपमा आवश्यकतानुसार अध्यावधिक गर्दै जानुपनेछ ।

घ. आवश्यक सूचकहरु थपघट गर्न प्रथम पक्षलाई निरन्तर रुपमा सूचनाको आदान प्रदान गर्ने ।

ङ. साख सूचना केन्द्र व्यवस्थापन गर्दा देखा परेका समस्या, चुनौती तथा त्यसको आवधिक अध्यावधिक गर्न दोश्रो पक्षले प्रथम पक्षलाई निरन्तर रुपमा तोकिएको व्यक्तिको माध्यामबाट गर्नुपर्नेछ ।

१०. प्रथम पक्षले दोश्रो पक्षको डाटा ईन्ट्री, डाटावेश, हार्डवेयर तथा नेटवर्किंग, थर्ड पार्टी सफ्टवेयर लाईसेंसिंगको जवाफदेहिता लिनेछैन, यो सम्बन्धि सम्पूर्ण जिम्मा दोश्रो पक्षको हुनेछ ।

११. माथि उल्लेखित शर्तहरु ईमान्दारीका साथ पालना गर्न दुवै पक्ष सहमत छौ । उल्लेखित कार्य सञ्चालन गर्ने सिलसिलामा कुनै पनि समस्या आइपरेमा दुवै पक्षको आपसी समझदारीबाट

समस्याको समाधान गरिनेछ । यदी यसबाट समाधान नभएमा वा करारमा उल्लिखित कुनै पनि शर्तहरुको उल्लंघन गरिएको भेटिएमा नेपाल सरकारको प्रचलित ऐन कानुन बमोजिम उपचारमा दुवै पक्ष स्वतन्त्र रहनेछ ।

१२. हाल सहकारी क्षेत्रमा साख सुचना व्यवस्थापन प्रणाली भित्र विभिन्न चरणमा बहस र अन्तरक्रिया भएको सर्न्दभमा, विभिन्न निकायहरु सँग, समन्वय, सहकार्य तथा पैरबीको कार्य जिल्ला सहकारी संघ लि. बाँकेले निरन्तर रुपमा गर्नेछ ।

१३. सम्पूर्ण वित्तीय लेनदेन तथा कारोवार नेपालको आन्तरिक राजश्व कार्यालयको करको नियमावली अनुसार हुनेछ ।

१४. यस सम्झौतामा लेखिएका शर्तहरु सम्झौताका पक्षहरुको बिचमा हुने लिखित सहमतिबाट संशोधन गर्न सकिनेछ ।

१५. दोश्रो पक्षबाट उपलब्ध गराइएका जानकारीहरु प्रथम पक्षबाट अन्य व्यापारिक निकायहरुमा सप्रेषण गरिएमा त्यसको पूर्ण रुपमा क्षतिपूर्ति प्रथम पक्षबाट हुनेछ ।

| **प्रथम पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| ............................ | ...................................... |
| जिल्ला सहकारी संघ लि. बाँके . | ............................ सहकारी संस्था लि. बाँके |
| नेपालगन्ज उ.मा.न.पा - १३, बाँके | ठेगाना .................. |
| सम्पर्क फोन नम्बर:०८१-५३४९२० | सम्पर्क फोन नम्बर: |
| स्थायी लेखा नम्बर: ३०५६५२६६९ | स्थायी लेखा नम्बर: |
| साक्षी | साक्षी |
| नाम | नाम |
| ठेगाना | ठेगाना |
| इमेल | इमेल |
| हस्ताक्षर | हस्ताक्षर |